आज मिति २०८३/०५/११ गतेका दिन बुटवल उपमहानगरपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको बैठक यस बुटवल उपमहानगरपालिकाका नगर प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायको उपस्थितिमा मिति २०८३/०५/१० गते बिहान रसुवाको भोटेकोशी नदीमा अचानक आएको बाढीले पुर्याएको मानविय र भौतिक क्षतिको सम्वन्धमा उद्धार तथा राहतका लागि सहयोग उपलब्ध गराउने लगायतका विषयमा छलफल गरि देहाय बमोजिमको निर्णय गरियो।

समयः दिनको ३:०० बजे

स्थानः बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय।

उपस्थितिः

| सि.नं. | नामथर | पद/संस्था | हस्ताक्षर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | श्री खेलराज पाण्डेय | नगर प्रमुख, बु.उ.म.न.पा. | | ९८५७०३१२५५ |
| २ | श्री सावित्रा देवी अर्याल | नगर उपप्रमुख, बु.उ.म.न.पा. | | ९८५७०३०६२२ |
| ३ | श्री दीपक ज्ञवाली | प्र.प्र.अ., बु.उ.म.न.पा. | | ९८५७०७८१११ |
| ४ | श्री शिव राना | प्रवक्ता, बु.उ.म.न.पा. | | ९८५७०७००३९ |
| ५ | श्री राजन पाण्डेय | सभापति. रा.स्व.पा. | | ९८४७३६५०२९ |
| ६. | श्री ज्योति भण्डारी | का.वा. सभापति ने.का. | | ९८५६०३००६२ |
| ७. | श्री महेन्द्र भुसाल | अध्यक्ष ने.क.पा. | | |
| ८. | श्री पदम [illegible] | अध्यक्ष रा. जनमोर्चा | | 9857027486 |
| ९ | श्री विष्णु प्रसाद केल्वाले | नेकपा (माओवादी) | | ९८४२३३४६९२ |
| १०. | श्री दिपक गुरुङ | अध्यक्ष जसपा नेपाल | | 9857029681 |
| ११. | श्री प्रभाकर पोखरेल | अध्यक्ष | | ९८८६०३८४९८ |
| १२ | श्री चिन्तामणी खनाल | व. उपसचिव बु.उ.म.न.पा. | | |
| १३ | श्री तुलसी अर्याल | व. उपसचिव ,, | | |
| १४ | श्री सुमन [illegible] | महाशाखा प्रमुख ,, | | |
| १५ | श्री हरी प्र. आचार्य ,, | ,, | | |

| क्र.सं. | नामथर | पद/संस्था | हस्ताक्षर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १६ | गंगाधर सापकोटा | शाखा प्रमुख | | |
| १७ | उषा गिरी | वरिष्ठ प्रशासन सहायक | | |
| १८ | हरिश्वर चौलागाईं | शाखा प्रमुख | | |
| १९ | माया के.सी. | गुल्मी टुडे दैनिक | | |
| २० | कल्पना तिवारी | रेडियो रुरु | | |
| २१ | इन्द्र बाँस्कोटा | गुल्मी अनलाईन | | 9857057741 |
| २२ | नरेश अधिकारी | टुडे टि.भी. | | 9857070939 |
| २३ | दिपक पाण्डेय | ने.क.पा. माले संयोजक | | 9857048555 |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

निर्णय नं. १

मिति २०८३/०५/१० गतेका दिन रसुवा जिल्लाको रसुवागढी नाका हुँदै आएको बाढीले रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा,तनहुँ र चितवन सहितका जिल्लाहरुमा अत्यन्त ठूलो जनधनको क्षेति पुगेको छ। जनधनको क्षेतिको यथार्थ विवरण प्राप्त हुन केही समय लाग्ने नै छ। देशले दुखद परिस्थितिको सामना गरिरहेको यस घडीमा सामाजिक उत्तरदायित्व र मानवीय संवेदनालाई आत्मसात गर्दै बाढीबाट प्रभावितको उद्धार र पीडितलाई तात्कालिक रुपमा राहत उपलब्ध गराउने प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी राहत कोषमा यस बुटवल उपमहानगरपालिकाको तर्फबाट पनि सम्बन्धित शीर्षकबाट रु ५१,००,०००।-संस्थागत सहयोग उपलब्ध गराई सहभागिता जनाउन बुटवल उपमहानगरपालिकामा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं २

मिति २०८३/०५/१० गतेका दिन रसुवा जिल्लाको रसुवागढी नाका हुँदै आएको बाढीले रसुवा, नुवाकोट, धादिङ्ग, गोरखा,तनहुँ र चितवन सहितका जिल्लाहरुमा भएको विपद्मा बुटवल उपमहानगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुको उद्धार एवं सहायता कार्यमा खर्च हुने गरी रु ५,००,०००।- छुट्टाउने साथै बुटवल उपमहानगरभित्र बसोवास गर्ने सोही घटनामा परी सम्पर्क विहिन भएका व्यक्तिहरुको हकमा तथ्यांक संकलनका लागि सूचना प्रवाह गर्ने निर्णय गरियो।

निर्णय नं ३

बुटवल उपमहानगरपालिका क्षेत्रमा भएका उद्योगी, व्यापारी, व्यवसायी लगायत इच्छुक संघ, संस्था एवं व्यक्तिहरुले एकद्वार प्रणालीको रुपमा प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा मात्र रकम जम्मा गर्न संघ संस्थाहरुको बैठक आह्वान गरी अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ४

मिति २०८३/०५/१० गतेका दिन रसुवा गढी नाका हुँदै आएको बाढीबाट ठूलो जनधनको क्षति भएको र उक्त बाढीबाट प्रभावितहरुको यथार्थ अभिलेख प्राप्त हुन अझ केही समय लाग्ने देखिन्छ। नेपाल सरकार, वैदेशिक दातृ निकाय, देशभित्रका सबै कार्यालय, संघसंस्था एवं व्यक्तिहरु समेतबाट बाढी प्रभावित परिवारहरुलाई उद्धार र राहतका कार्यक्रमहरु उपलब्ध गराउदै आएको यस दुःखद् घडीमा सामाजिक उत्तरदायित्वका हिसावले आफ्नो तर्फबाट पनि सक्दो सहयोग गर्नु पर्ने समयमा मनोरञ्जनात्मक कार्यक्रम गर्न मनासिव समेत नहुने भएकोले मानवीय संवेदनालाई मध्यनजर राखी १३ दिनसम्म मनोरञ्जनात्मक कार्यक्रम नगर्न, नगराउन बुटवल स्थित सम्पूर्ण राजनीतिक दल, संघसंस्था एवं नगरबासीहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ५